१७ औँ प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १२ ॥ २०८१ माघ २८ गते सोमबार (9th Feb 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

### गिरीबन्धु टी इस्टेटबाट आलोचित ओली

# सरकारी जमिन बाँड्न अर्को ऐन ल्याउँदै

झापा(प्रस) । यसअघि केपी ओली नै प्रधानमन्त्री भएका बेला २०७६ सालमा भूमिसम्बन्धी ऐन २०२१ को आठौं संशोधन गरिएको थियो । त्यतिबेला झापाको बिर्तामोडस्थित गिरीबन्धु टी इस्टेटका नाममा रहेको हदबन्दी बढी जग्गा सट्टापट्टा र बिक्रीवितरण गर्न मिल्ने गरी कानुन बनाइएको थियो । जसको आलोचना हुँदै आएको छ । फेरि पनि प्रधानमन्त्री ओलीले भूमिसम्बन्धी अर्को ऐन ल्याउन लागेका छन् । पाँच अध्यादेश पुष २९ मा र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश माघ २ मा जारी गरिएको थियो । ऐनलाई अध्यादेशबाट थप संशोधन गर्दै हदभन्दा बढीको जग्गा बिक्री गर्न पाउने र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा दिने विषयलाई अझै फराकिलो बनाइएको छ ।भूमिसम्बन्धी ऐन २०२१ को आठौं संशोधनले दफा ५२ 'ख' को उपदफा ४ (ग) मा गरेको व्यवस्था अध्यादेशबाट पूरै संशोधन गरेर सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा आरक्षको जग्गा, मध्यवर्ती (स्थानीयलाई वन पैदावार उपभोग गर्नका लागि छुट्याइएको राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको जग्गा) क्षेत्रको जग्गा, हाल रुखबिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गासमेत भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थितलाई लालपुर्जा दिन सकिने प्रावधान राखिएको छ। आठौं संशोधनले यस्ता जग्गा वितरण गर्न नमिल्ने व्यवस्था गरेको थियो ।

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी पनि जग्गा बाँडेर समस्या समाधान नहुने बताउँछन् । 'पञ्चायतकालदेखि नै लालपुर्जा बाँड्ने काम भइरहेको छ । यसले सरकारी जमिन संकुचन गर्दै लगेको छ, जंगलमाथि चाप बढेको छ,' उनी भन्छन्, 'कानुनमा जति पटक संशोधन गरेर लालपुर्जा दिए पनि समस्या समाधान हुँदैन । यसले झन् समस्या बढाउँछ । परम्परागत सोचाइबाट अब समाधान निस्किँदैन ।' भूमिहीनको समस्या समाधानका लागि उत्पादन बढाउन लामो समय जग्गा भाडामा दिने वा अरू विकल्पतिर सोच्नुपर्ने अधिकारीको भनाइ छ ।

हदभन्दा बढीको जग्गा छुट दिने अध्यादेशको प्रावधान गम्भीर रहेको अर्का अधिवक्ता ओमप्रकाश अर्याल बताउँछन् । उनले संसद् बैठक बस्ने अवस्था हुँदाहुँदै त्यसलाई छलेर अध्यादेश ल्याउनु सिद्धान्ततः बदनियतपूर्ण भएको टिप्पणी पनि गरे ।

'सरकारले गिरीबन्धु टी इस्टेटको मुद्दामा सर्वोच्च अदालतले दिएको आदेशको विपरीत गएर हदबन्दी बढीको जग्गा बेच्न मिल्ने गरी अध्यादेश ल्याउनु आपत्तिजनक छ,' उनले भने, 'अदालतको आदेशमा जे प्रयोजनका लागि हदबन्दी छुट दिएको हो, त्यस प्रयोजनमा नभए जग्गा सरकारका नाममा ल्याउनुपर्छ भनेर प्रस्ट उल्लेख छ ।'

अध्यादेशले भू-उपयोग क्षेत्र वर्गीकरण हुनुअगावै अनुमति लिई खरिद गरेको जग्गालाई आवासीय र व्यावसायिकबाहेकको क्षेत्रमा वर्गीकरण गरिएको भए पनि बेच्न पाउने व्यवस्था गरेको छ, जुन सर्वोच्च अदालतको फैसलाविरुद्ध रहेको अधिवक्ता अर्यालको भनाइ छ । सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई पुर्जा दिन यसअघि लगाइएको कतिपय प्रतिबन्ध अध्यादेशले फुकुवा गरेको उल्लेख गर्दै त्यसको व्यापक दुरुपयोग हुन सक्ने आशंका पनि उनले व्यक्त गरे । 'संसद्ले बनाएको कानुनलाई कार्यकारीले हेरफेर गर्दा त्यसको दुष्परिणाम के आउँछ भन्ने ख्याल गरिएको छैन । संसद्माथि कार्यकारी हावी हुन थाल्नु राम्रो होइन,' अर्यालले भने ।

भूमि समस्या समाधान आयोगका केन्द्रीय प्रवक्ता सनदकुमार कार्कीका अनुसार लालपुर्जा वितरण गर्नुपर्ने घरपरिवारको संख्या ११ लाख छ । त्यसमध्ये ८७ हजार भूमिहीन दलित छन्, १ लाख ६० हजार भूमिहीन सुकुम्बासी छन् । बाँकी अव्यवस्थित हुन् । उनीहरूलाई जग्गा वितरण गर्न अध्यादेशले सहज बनाउने कार्कीको भनाइ छ । 'अव्यवस्थितलाई भन्दा पनि भूमिहीन दलित र सुकुम्बासीलाई प्राथमिकतामा राखेर काम गरेका छौं, अध्यादेश आएपछि अब सहज भएको छ,' उनले भने ।

अध्यादेशले घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीलाई हदभन्दा बढीको जग्गा प्लटिङ र हाउजिङ गरेर बिक्रीवितरण गर्नका लागि लचिलो कानुनी व्यवस्था गरेको छ । त्यही कारण गिरीबन्धु टी इस्टेटसहित विभिन्न क्षेत्रमा रहेका हदबन्दी बढीका जग्गाको किनबेच र स्वामित्व हस्तान्तरण हुने आशंका राजनीतिक तहमा देखिएको छ । अधिवक्ता अर्यालले नदी किनारा, वन र आरक्षणभित्रको जग्गासमेत व्यक्तिका नाममा दर्ता हुने जोखिम बढेको बताए । 'भूमिसम्बन्धी अध्यादेशमा विवादास्पद विषय नै बढी छन् । सरकारको नियतमाथि नै प्रश्न उठाउन सकिन्छ,' उनले ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी भने भूमिसम्बन्धी अध्यादेशको विरोध मात्र नभएर प्रशंसा पनि भइरहेको दाबी गर्छन् । 'अहिले विरोध गर्नेहरूले पनि हिजो भोट माग्दा लालपुर्जा दिने वाचा गरेकै थिए । उनीहरू पहिले सरकारमा हुँदा लालपुर्जा दिन सकेनन् । त्यसैले यो विरोधको कुनै तुक छैन,' उनले भने, 'भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा दिनुपर्छ भनेर प्रयत्न गरिरहेका छौं ।'

एमालेमा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष ओलीले लिने निर्णय प्रक्रियामा खासै विमति देखिएको छैन तर कांग्रेसमा नेता शेखर कोइराला र उनीपक्षीय नेताहरू भूमिसम्बन्धी अध्यादेशमा बढी असन्तुष्ट देखिएका छन् । यस अध्यादेशले वास्तविक भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नेभन्दा पनि सरकारी सम्पत्तिको अतिक्रमण बढाउने नेता कोइरालाको भनाइ छ । अध्यादेश संसद्बाट स्वीकार गराउने नाममा जनता समाजवादी पार्टी नेपालसँग सत्ताको 'बार्गेनिङ' गर्न थालिएको भन्दै उनले आपत्ति पनि जनाएका छन् ।

६ अध्यादेशमध्ये भूमिसम्बन्धी अध्यादेशमै जसपा नेपालको पनि मुख्य सरोकार छ। अरू अध्यादेशमा समर्थन गर्न सकिने तर भूमिसम्बन्धी अध्यादेशलाई साथ दिन नसकिने जसपा नेपालका नेताहरूको भनाइ छ। सरकारलाई बाहिरैबाट समर्थन गर्दै आएको जसपा नेपालले साथ दिएमात्रै अध्यादेश राष्ट्रिय सभाबाट स्वीकार हुन सक्ने अंकगणित छ। अध्यादेश संघीय संसद्का दुवै सदनबाट स्वीकृत हुनुपर्ने संवैधानिक प्रावधान छ।

जसपा नेपालकै निर्णयको पर्खाइमा सत्तारूढ दल रहेका छन् ।

जसपा नेपालले ६ वटै अध्यादेश अध्ययन गर्न प्रथम उपाध्यक्ष राजकिशोर यादवको नेतृत्वमा कार्यदल बनाएको थियो । 'संसद् बस्ने बेला अध्यादेश ल्याउनु नै गलत छ, त्यसबारेमा हामीले विस्तृत प्रतिवेदन पार्टी नेतृत्वलाई बुझाइसकेका छौं । अध्यादेशलाई समर्थन गर्ने वा नगर्ने निर्णय आइतबार संसद् बैठक बस्नुअघि हुन सक्छ,' यादवले भने । अध्यादेशसँग सत्ता साट्ने कुरा दलभित्र नभएको उनको दाबी छ । 'सत्ताको बार्गेनिङको कुरा हामीलाई बदनाम गर्न ल्याइएको हो,' यादवले भने ।

सरकारले ल्याएका ६ अध्यादेश संघीय संसद्बाट स्वीकार हुने कि नहुने भन्ने विषय पेचिलो मोडमा पुगेकै बेला पछिल्लो पटक जारी भूमिसम्बन्धी अध्यादेश ल्याएको हो । यसमा सत्तारूढ कांग्रेसकै एउटा पक्षले चर्को असन्तुष्टि जनाइरहेको छ। मन्त्रिपरिषद्ले गत पुष २६ मा पाँच अध्यादेश सिफारिस गरेकामा राष्ट्रपति रामचन्द्र पौडेलले पनि भूमिसम्बन्धी अध्यादेशलाई केही दिन रोकेर मात्र जारी गरेका थिए ।

# भरुवा बन्दुकसहित विश्वकर्मा पक्राउ

झापा(प्रस) । यातायात व्यवस्था कार्यालय बिर्तामोड नागरिकको भीडभाड हुने अत्यन्तै व्यस्त कार्यालय हो । यहाँ दैनिक सयौँ नागरिकको भीडभाड हुन्छ । तर, त्यो भीडलाई थेग्नसक्ने संरचना यातायात कार्यालयसँग छैन । दुई कट्ठा क्षेत्रफलमा रहेको आफ्नै भवन साघुँरो छ ।

भवनमा रहेका कोठाहरु पनि साँघुरा हुँदा कर्मचारीलाई काम गर्नसमेत असहज छ । केही वर्षअघि भाडाको कार्यालयबाट आफ्नै संरचनामा यातायात कार्यालय सरेको हो । तर, दुई कठ्ठा क्षेत्रफलको साँघुरो भवनमा सर्नु पर्दा यातायात कार्यालयले भाडा तिर्नुपर्ने बाध्यता अझै हटेको छैन ।

आफ्नै कार्यालय हुँदा पनि यातायातले अहिले मासिक ९६ हजार बढी भाडाका संरचनामा काम गरिरहेको छ । यातायात कार्यालय बिर्तामोडका प्रमुख प्रमुख प्रेमप्रसाद सापकोटाका अनुसार आफ्नै कार्यालय भवन भएपनि ठाउँ अपुग हुँदा मासिक ९६ हजार ६३५ रुपैयाँ भाडा तिरेर अरु संरचना भाडामा लिनुपरेको छ । यातायात कार्यालयको भवन साघुँरो हुँदा जतातत्तै भिडभाड हुने गरेको छ । दुई कठ्ठामा रहेको भवन साँघुरो भएको र यतिको कार्यालय सञ्चालनका निम्ति कम्तिमा पनि आठ कठ्ठाभन्दा धेरै जग्गा चाहिने स्थानीय बताउँछन् ।

कार्यालय साँघुरो हुँदा पार्किङमा समेत समस्या रहेको छ । जथाभावी पार्किङ गर्दा यातायात कार्यालय अस्तव्यस्त देखिन्छ । सडकमा जथाभावी पार्किङ गरिँदा सडकमा यात्रा गर्नेलाई समेत अप्ठ्यारो भएको छ । यातायात बनेको स्थान सानो हुँदा संरचना भाडामा लिएर चलाउनुपर्ने बाध्यता रहेको प्रमुख सापकोटाले बताए । उनका अनुसार यातायातले नजिकै रहेको खाली जग्गा मासिक ३० हजारमा पार्किङका लागि लिएको छ । त्यो पनि अपर्याप्त हुँदा यातायात कार्यालय छेउछाउ जतातत्तै पार्किङ गर्ने गरेको यातायात कार्यालयले जनाएको छ । यातायात व्यवस्था कार्यालय बिर्तामोडको आफ्नै भवन छ ।

तर, पार्किङ र कार्यालयको अन्य शाखा चलाउनका संरचना भाडामा लिएको छ । आफ्नै कार्यालय भवन भए पनि ठाउँ अपुग हुँदा मासिक ९६ हजार ६३५ रुपैयाँ भाडा तिर्नुपर्ने अवस्था रहेको प्रमुख सापकोटाले बताए । यातायातले पार्किङस्थलको मासिक ३० हजार तिर्दै आएको छ । यस्तै, कार्यालय परिसर साघुँरो हुँदा सवारी साधन अनुमपति पत्रको लिखित परीक्षा हुने हल, गोदाम, बायोम्याट्रिक हल, अस्थायी रुटपर्मिट शाखा र प्राविधिक शाखा भाडाको संरचनामा चलाउनुपर्ने बाध्यता रहेको उनले बताए । जसका लागि यातायातले मासिक ६६ हजार ६३५ रुपैयाँ भाडा तिर्दै आएको उनले बताए । 'संरचना साँघुरो भएरै भाडामा लिनुपरेको हो । यो भवनमा नअटेका शाखाहरु भाडाका संरचनामा राखेका छौँ,' उनले भने,'तर, यो संरचना कामै नलाग्ने चाहिँ हैन । साँघुरो भएर मात्र भाडामा लिएको हो । फराकिलो भएको भए हामीलाई कार्यालय सञ्चालनमा सहज हुने थियो ।' यातायात कार्यालयको सवारी साधन अनुमति पत्रका लागि परीक्षा लिने फिल्डसमेत आफ्नो छैन । एउटा निजी कम्पनीसँग सम्झौता गरेर दश वर्षका लागि यातायात कार्यालयले निःशुल्क फिल्ड दिएको छ ।यातायात कार्यालय साँघुरो भएपछि सेवाग्राहीले सास्ती भोग्नुपरेको छ । प्रदेश सरकार मातहतको यो कार्यालयमा सेवाग्राहीको सहजताका लागि कोशी प्रदेशसभाको न्याय प्रशासन तथा विधायन समितिले अनुगमन गरेको छ । उक्त समितिले पनि यातायात कार्यालय साँघुरो भएको निष्कर्ष निकालेको छ । समिति सभापति कमला दर्नालले यातायात कार्यालयमा आफ्नो पार्किङसमेत नभएको र भाडाको पार्किङस्थल पनि अस्तव्यस्त

# एनआरटीले उचाल्यो बुढासुब्बा गोल्डकपको उपाधि

झापा(प्रस) । न्युरोड टिम (एनआरटी) ले सहिद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडलाई २-१ ले हराएर बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। एनआरटी तेस्रो पटक बुढासुब्बा गोल्डकप च्याम्पियन बनेको हो। यसअघि २०६४ र गत वर्ष पनि एनआरटी विजेता बनेको थियो । विजेता एनआरटीले १० लाख रुपैयाँसहित ट्रफी हात पार्‍यो। उपविजेता चर्च ब्वाइजले पाँच लाख रुपैयाँमा चित्त बुझायो। योसंगै एनआरटीले बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा पाएको हारको बदला पनि लिएको छ ।

धरान रंगशालामा भएको फाइनलमा एनआरटीका लागि विदेशी खेलाडी हेनरी एडिसे पोकोले दुवै गोल गरे। फाइनलमा अग्रता भने चर्च ब्वाइजले बनाएको थियो । खेलको २४ मिनेटमा मिडफिल्डर एरिक विष्टले मैदानको दायाँ भागबाट प्राप्त फ्रिकिकमा उपलब्ध गराइदिएको बललाई कप्तान अनन्त तामाङले हेडिङमार्फत गोल गरेर चर्च ब्वाइजलाई अग्रता दिलाएका थिए। चर्च ब्वाइजको अग्रता तीन मिनेट पनि टिकेन। खेलको २७ औँ मिनेटमा एनआरटीका हेनरीले जवाफी गोल फर्काए।

रोबर्टको कर्नर किकमा जय गुरुङले नजिकबाट प्रहार गरेको बल गोलपोस्टमा लागेर फर्केपछि हेनरीले रिबाउन्डमा गोल गरे। खेलको ५८ मिनेटमा एनआरटीका हेनरीले गरेको दोस्रो गोल निर्णायक बन्यो।

दुई गोल गर्ने हेनरी नै खेलको 'म्यान अफ दी म्याच' घोषित भए। यसै गरी एनआरटीकै शिशिर लेखी प्रतियोतिगाकै उत्कृष्ट खेलाडी घोषित भए। उनले एक लाख रुपैयाँ पुरस्कार पाए।

ब्वाइजका खेलाडीद्वय समीर तामाङ र अर्मान्ड विडोङ संयुक्त रूपमा सर्वाधिक गोलकर्ता घोषित भए। उनीहरुलाई ३५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो। यसै गरी एनआरटीका प्रमिजय गच्छदार उत्कृष्ट गोलरक्षक, एनआरटीका हरिओम श्रेष्ठ उत्कृष्ट प्रशिक्षक, चर्च ब्वाइजका समीर उत्कृष्ट फरवार्ड, चर्च ब्वाइजका पदम भट्टराई उत्कृष्ट डिफेन्डर र चर्च ब्वाइजका रोहन कार्की उत्कृष्ट मिडफिल्डर घोषित भए। यी सबैले जनही २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे।

# महिला फुटबलमा आयोजक बिर्तामोडको शानदार सुरुवात

बिर्तामोड(प्रस)। झापाको बिर्तामोडमा शनिवारदेखि सुरु प्रथम अन्तर पालिकास्तरीय महिला फुटबल प्रतियोगितामा आयोजक बिर्तामोड नगरपालिकाले शानदार सुरुवात गरेको छ ।

बिर्तामोड- ३ स्थित डोमालाल राजवंशी रंगशालामा भएको उद्घाटन खेलमा बिर्तामोडले छिमेकी पालिका बुद्धशान्ति गाउँपालिकालाई ५-० गोल अन्तरको एकतर्फी जित निकालेको हो ।

एकोहोरो दबाब सिर्जना गरेको बिर्तामोडको खेलमा सुनकला राईले



ह्याट्रिकसँगै ४ गोल गरिन् भने एक गोल अन्स्निना आङबुहाङको नाममा रह्यो ।

बिर्तामोडका लागि पहिलो गोल सुनकला राईले खेलको १०औँ मिनेटमा गरेकी थिइन् । यसैगरी, १७ र १९ औं मिनेटमा गोल गर्दै उनले ह्याट्रिक पूरा गरेकी थिइन् भने खेलको इन्जुरी समयमा थप एक गोल गरेकी हुन् ।

यसैगरी, अन्स्निनाले खेलको १५औँ मिनेटमा गोल गरेकी थिइन् । बिर्तामोडका लागि लीला जोशी, हिमा रावत, रोशनी बोहोरा क्षेत्री र सुनकला राईजस्ता अनुभवी खेलाडी थिए । सुनकलाले प्लेयर अफ दी म्याच बन्दै नगद ५ हजार पाइन् । उनको उत्कृष्ट प्रदर्शन रहेको भन्दै बिर्तामोडका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले थप तीन हजार रुपैयाँ प्रदान गरेका थिए ।

फागुन ५ गते हुने फाइनल खेलको विजेताले नगद ३ लाखसहित आकर्षक ट्रफी पाउने छ । यस्तै, उपविजेताले नगद १ लाख ५० हजार प्राप्त गर्ने छ । नगर खेलकुद विकास समितिका अध्यक्ष विकास गिरीको अध्यक्षता तथा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन भएको हो ।

# कामदार युवती झुन्डिइन् , ठेकेदार फरार

झापा(प्रस) । बिर्तामोड नगरपालिका-३ सूर्यनगरस्थित रिद्धिसिद्धि भेनियर उद्योगमा काम गर्ने एक युवतीले झुन्डिएर आत्महत्या गरेपछि ठेकेदार फरार भएका छन् । शनिवार राति रिद्धिसिद्धि भेनियर उद्योगको कामदार बस्ने क्वाटरभित्र कचनकवल गाउँपालिका वडा न.३ केचना बस्ने १७ वर्षीया रियाना खातुनले सलको पासो लगाई झुन्डिएर आत्महत्या गरेकी हुन् । त्यसपछि ठेकेदार भारत अररिया बस्ने २५ वर्षीय बिजला मोहमद फरार भएका हुन् । बाँसको चित्राको घेराबारा, टिनको छानो भएको एकतले घरको कोठाभित्र दुईवटा बेडमा मृतक रियाना , मृतकका बहिनी १४ वर्षीया साजना खातुन र ठेकेदार मोहमद तीनै जना सुतेका थिए । आत्महत्या गरेको खबरपछि प्रहरी चौकी बिर्ताबजारबाट प्रहरी सहायक निरीक्षक पदम बिष्टको कमाण्डमा टोली पुग्दा उक्त कोठाभित्र मृतकलाई ओछ्यानमा सुताइराखेको भेटिएको थियो । सो घटनापछि फरार भएका ठेकेदारको खोजी भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । घटनामा त्यस्तो कैफियत नदेखिएको उनको भनाई छ । मृतकको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

# बोन म्यारो भएका बालकलाई सहयोग



झापा(प्रस)। बिर्तामोड- ५ स्थित गौरवशाली बचत तथा ऋण सहकारी संस्थाले बोन म्यारो भएका एक चार वर्षीय बालकलाई सहयोग गरी आफ्नो १६ औं स्थापना दिवस तथा संस्थापक अध्यक्ष काशीलाल चौधरीको ९ औं स्मृति दिवस मनाएको छ ।

बोन म्यारो भएका बिर्तामोड- ५ का मुकेश ठाकुरका ४ वर्षीय छोरा उज्वल ठाकुरलाई गौरवशाली साकोसले १० हजार १०० नगद सहयोग गरेको हो ।

भारतको चेन्नईमा उपचार गराउनका लागि ती बालकलाई ३० लाखभन्दा बढी खर्च लाग्ने भएको छ । आर्थिकरुपमा विपन्न ठाकुर परिवारले आफ्ना छोराको उपचारका लागि सहयोग संकलन गरिरहेकाले आफ्नो संस्थाका तर्फबाट पनि सहयोग गरिएको गौरवशालीका अध्यक्ष लवकुमार चौधरीले बताए । एक कार्यक्रमका बीच सो सहयोग प्रदान गरिएको थियो ।

अध्यक्ष लवकुमार चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख सल्लाहकार पुष्पलाल चौधरी , सल्लाहकार इन्द्रसिंह राजवंशी , लेखा समिति संयोजक महावीर चौधरी , कार्यसमिति सदस्य पशुपति राजवंशीलगायतले संस्थाले बोन म्यारो पीडित बालकलाई सहयोग गरेकोमा प्रशंसा गरेका थिए ।

सदस्य दमन्ता दाहालले स्वागत गरेको कार्यक्रमको संचालन सहसचिव रुपा राजवंशीले गरेकी थिइन् । गौरवशाली साकोसले स्थापना दिवस तथा संस्थापक अध्यक्ष काशीलाल चौधरीको स्मृति दिवसमा हरेक वर्ष विभिन्न सामाजिक कार्यहरु गर्दै आएको छ ।

# उत्कृष्ट शिक्षक र कर्मचारी सम्मानित



बिर्तामोड(प्रस) । नेपाल शिक्षक संघ बिर्तामोडको सातौं प्रतिनिधि सभामा नगरभरिका १० उत्कृष्ट शिक्षकसहित एक कर्मचारीलाई सम्मानित भएका छन् । सम्मानित हुनेहरुमा महेन्द्ररत्न माध्यमिक विद्यालयका भवानीप्रसाद खरेल र शोभा सुवेदी ,देवी माध्यमिक विद्यालयका कैलाश पोखेल ,वीर अमरसिंह माविका मोहन ओझा,मोहनमाया माविका सिर्जना पौडेल र जीवकुमारी दाहाल ,सरस्वती मावि बुट्टावारीकी सुशिला सापकोटा पोखेल,महेन्द्रज्योति मावि सैनिकबजारका विरेन्द्र कडरिया रहेका छन् ।

त्यस्तै स्थायी नियुक्तिका आधारमा सवैभन्दा जेष्ठ शिक्षक भरत भट्टराई र होमनाथ पौडेललाई स्वर्गीय टिकाप्रसाद देवका देवी स्मृति पुरस्कारबाट नगद रु २५०० सहित सम्मान गरिएको थियो। यस वर्ष शिक्षण पेशाबाट अवकाश हुने कृष्णप्रसाद रिजाल,सुशिला थपलिया , कल्पना भण्डारी ,गजेन्द्र नेपाली ,मिरा थपलियालाई दीर्घसेवा सम्मानसहित विदाई गरिएको थियो। त्यसैगरी सरुवा भई बिर्तामोड आएका शिक्षकहरुलाई स्वागत गरिएको थियो। नेपाल शिक्षक संघ बिर्तामोडका सभापति जयकुमार प्रसाईको अध्यक्षता तथा नेपाली कांग्रेसका महासमिति सदस्य ,जिल्ला कोषाध्यक्ष एवम् सामाजिक व्यक्तित्व जलकुमार गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विशिष्ट अतिथि नेपाल शिक्षक महासंघ झापा अध्यक्ष नेत्रप्रसाद खरेल रहेका थिए। त्यस्तै नेपाल शिक्षक संघ झापाका अध्यक्ष तोयानाथ दाहाल, बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङ, बिर्तामोड साना सहरी तथा खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मेघराज बास्तोला,संघीय प्रतिनिधि कृष्णमाया रिजाल ,प्रदेश सदस्य भरत भट्टराई , नेपाल शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष युवराज कट्टेलको आतिथ्यता रहेको थियो। कार्यक्रममा अध्यक्ष जयकुमार प्रसाईले नेपाल शिक्षक संघ बिर्तामोडले एक वर्षभित्रमा सम्पादन गरेका कार्यहरु साथै आगामी दिनमा गर्नुपर्ने कार्यक्रमहरु प्रस्तुत गरेका थिए । त्यसैगरी अर्थ सचिव तेजेन्द्र थापाले एक वर्षभरिको आयव्यय सभासमक्ष प्रस्तुत गरेका थिए । बिर्तामोडमा नेपाल शिक्षक संघमा कुल १८५ शिक्षकहरु आवद्ध रहेका छन् ।

कार्यक्रममा प्रमुख अतिथि जलकुमार गुरुङ, नेपाल शिक्षक महासंघ झापा अध्यक्ष नेत्रप्रसाद खरेल, बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङ, नेपाल शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष युवराज कट्टेल, मोहनमाया माध्यमिक विद्यालय प्रधानाध्यापक शेरबहादुर श्रेष्ठ ,कृष्णमाया रिजाल ,भरत भट्टराई , तोयानाथ दाहालले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा सरस्वती दाहालले स्वागत मन्तव्य राखेकी थिइन् भने कार्यक्रमको संचालन सचिव युवराज ढकालले गरेका थिए । नेपाल शिक्षक संघको प्रतिनिधि सभा कचनकवल ,भद्रपुर,हल्दिवारी,कमलमा सम्पन्न भइसकेको छ । नेपाल शिक्षक संघ झापाको यसै महिनाभरिमा जिल्लाका सबै पालिकाहरुमा प्रतिनिधि सभा सम्पन्न गर्ने योजना रहेको छ । त्यस्तै जिल्ला प्रतिनिधि सभा फागुन १५ गते गर्ने योजना रहेको नेपाल शिक्षक संघ झापाका सह-सचिव युवराज कट्टेलले जानकारी दिए । प्रतिनिधि सभामा नेपाल शिक्षक संघले एक वर्षभरिमा सम्पन्न गरेका कार्यहरु प्रस्तुत गर्नुका साथै आगामी वर्षहरुमा सम्पादन गर्ने कार्यक्रम तयार पार्ने गर्दछ। नेपाल शिक्षक संघ बिर्तामोडको सातौं प्रतिनिधि सभाले आफू कार्यरत रहेका विद्यालयलाई उत्कृष्ट बनाउने संकल्प लिनुको साथै विद्यार्थीको सिकाई अभिवृद्धि गर्ने र शिक्षकहरुलाई उत्प्रेरित गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने तय गरेको छ । साथै प्रतिनिधि सभाले सरस्वती दाहालको संयोजकत्वमा २३ सदस्यीय महिला विभाग गठन गरेको अध्यक्ष जयकुमार प्रसाईले जानकारी दिएका छन् ।

## जवर्जस्ती करणी गरी गर्भ बोकाउने भुजेल पक्राउ

झापा(प्रस) । नाबालिकालाई जवर्जस्ती करणी गरी गर्भ बोकाउने ओखलढुंगा सिद्धिचरण नगरपालिका वडा नं.९ बस्ने ३८ वर्षीय राजकुमार भुजेल पक्राउ परेका छन् ।

गत कात्तिक १७ गते राति ओखलढुंगा साबिक ज्यामिरे गाविस वडा नं.१ हाल सिद्धिचरण नगरपालिका वडा नं.९ स्थित कुलबहादुर कार्कीको घरको तलामाथि झ्यालबाट आई भुजेलले १६ वर्षकी सांकेतिक नाम (द) लाई जवरजस्ती करणी गर्न खोजेका थिए । पीडितले कराउन लाग्दा ललाई फकाई भुजेलले जवर्जस्ती करणी गरेका थिए ।

पीडित नाबालिकाको महिनावारी रोकिएर पेटमा गर्भ रहेपछि जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले भुजेललाई शनिवार नियन्त्रणमा लिएको छ । घटनाको अनुसन्धान भइरहेको , हाल प्रतिवादी र पीडित दुवैको यौनजन्य परीक्षणका जिल्ला अस्पताल रुम्जाटार पठाइएको प्रहरीले जनाएको छ ।

## छिमेकीको कुटाइबाट एक युवकको मृत्यु

झापा(प्रस) । इलाममा छिमेकीको कुटाइबाट एक युवकको मृत्यु भएको छ ।

इलाम नगरपालिका- ९ पोखरिया स्कुलछेउ गोलबस्ती बस्ने ३१ वर्षीय बिमल खवासले कुटपिट गर्दा सोही ठाउँ बस्ने ३२ वर्षीय मिलन सुनुवारको मृत्यु भएको हो । बिहीवार साँझ ७ बजेतिर खवासले सुनुवारलाई कुटपिट गरि घाइते बनाएका थिए । सडकमा घाइते भई लडिरहेको अवस्थामा फेला पारी अटोमा हालेर सुनुवारलाई जिल्ला अस्पताल इलाम पठाइएको थियो । जिल्ला अस्पतालमा उपचारपश्चात् डिस्चार्ज भई घर गएकोमा शुक्रवार बिहान घाइते सुनुवारले बान्ता गरेका थिए ।


उनलाई आफन्तले पुनः जिल्ला अस्पताल इलाममा लगेकोमा त्यहाँबाट थप उपचारको लागि बिर्तामोड ल्याउँदै गर्दा दिउँसो १ बजेतिर इलामको कन्याममा मृत्यु भएको हो । कुटपिट गर्ने खवासको खोजतलास भइरहेको इलाम प्रहरीले जनाएको छ ।


## विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौ,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ.
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,
- त्यसैले विषादीको प्रयोगमा सचेत बनौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## होमस्टेका तीन कामदारले मिलेर साहुलाई कुटे

झापा(प्रस)। इलामको इलाम नगरपालिका-६ स्थित इलाम होमस्टेमा काम गर्ने तीनजना कामदारले मिलेर आफ्नै साहुलाई निर्घात कुटपिट गरेका छन् । शुक्रवार राति १.३० बजे होमस्टेका साहु ५२ वर्षीय दुर्गाबहादुर दाहाललाई होमस्टेमा काम गर्ने सोही ठाउँ बस्ने २६ वर्षीय अशोक श्रेष्ठ, ३० वर्षीय राम श्रेष्ठ र २९ वर्षीय मधु श्रेष्ठ गरी तीनै जनाले मिलेर कुटपिट गरेका हुन् । घाइतेलाई उपचारको लागि जिल्ला अस्पताल इलाम लगिएको छ। उनको बाँया आँखा र टाउकोमा चोट लागेको छ ।

कुटपिट गर्ने तीनै जनालाई राति नै नियन्त्रणमा लिई थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय इलाममा राखिएको प्रहरीले जनाएको छ । होमस्टेका कामदारहरुले साहु दाहाललाई कुट्नु पर्ने कारण खुलिसकेको छैन ।

## संस्थाको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति–२०८१/१०/२८**

कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/१०/०७ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साविकको हिमरेश एजुकेसन फाउन्डेसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/१०/२० को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि स्टार लाइट एजुकेसन फाउन्डेसन प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

## संस्थाको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति–२०८१/१०/२८**

कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०९/२९ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साविकको केन्ट एकाडेमी प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरी श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/१०/०६ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरी पाथिभरा ज्ञान कुन्ज इङ्गिलश बोर्डिङ स्कुल प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।







## सम्पादकीय

# एचपीभी खोप लगाऔं

सरकारले पाठेघरको मुखको क्यान्सर रोकथामका लागि देशव्यापी एचपीभी खोप अभियान सुरु गरेको छ ।

महिलालाई हुने पाठेघरको मुखको क्यान्सरबाट जोगाउने उद्देश्यले किशोरीहरूलाई एचपीभी नामक भाइरसविरुद्ध उक्त खोप दिन लागिएको हो। नेपालमा पाठेघरको क्यान्सर महिलाहरूमा हुने क्यान्सरमध्ये शीर्ष स्थानमा छ भने महिला र पुरुष दुवैको गणना गर्दा पनि फोक्सोको क्यान्सरपछि दोस्रो स्थानमा छ। पाठेघरको क्यान्सर प्रायः ह्यूमन प्यापिलोमाभाइरस (एचपीभी) का कारण हुने बताइन्छ। अभियान सफल कार्यान्वयनका लागि १८ हजार विद्यालय र ८ हजार स्वास्थ्य संस्थालाई खोप केन्द्रको रूपमा तोकिएको छ भने २७ हजार स्वास्थ्यकर्मी र ५४ हजार स्वयंसेवक परिचालन गरिएको छ ।

राष्ट्रिय खोप सल्लाहकार समितिका अध्यक्ष डा. रमेशकान्त अधिकारी यस वर्षदेखि नै एचपीभी खोपलाई राष्ट्रिय खोप तालिकामा समावेश गरेको बताए ।आ–आफ्नो विद्यालयमा गएर कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने छात्राले एचपीभी खोप लगाउन पाउँछन् ।

‘एचभीपी खोप विश्व स्वास्थ्य संगठनबाट प्रमाणित गुणस्तरयुक्त खोप हो र संसारका धेरै देशमा प्रयोग हुँदै अएको खोप हो’ डा. अधिकारीले भने, ‘नेपालमा प्रयोग गर्नको लागि नेपालको औषधि व्यवस्था विभागबाट अनुमति पाइसकेको छ । त्यसैले खोप निर्धक्क लगाउनुहोस् ।’

क्यान्सरसम्बन्धी तथ्यका लागि सबभन्दा विश्वसनीय मानिने ग्लोबल क्यान्सर अब्जर्भेटरीको पछिल्लो विवरण ग्लोबोक्यान २०२० ले नेपालमा उक्त वर्ष क्यान्सरका २०,५०८ नयाँ बिरामी भेटिएको जनाएको छ।

तीमध्ये सबभन्दा धेरै फोक्सोको क्यान्सर २,५०५ जनामा अनि दोस्रो स्थानमा पाठेघरको मुखको क्यान्सर २,२४४ जनामा भेटिएको जनाइएको छ।पाँच वर्षदेखिको संख्या हेर्दा चाहिँ सन् २०२० मा नेपालमा क्यान्सर पीडितको संख्या ३६,९०६ रहेको र सो वर्ष क्यान्सरबाट १३,६२९ जनाले ज्यान गुमाएको ग्लोबोक्यान २०२० प्रतिवेदनमा उल्लेख छ।

एचपीभी खोपले कैयौं प्रकारका एचपीभी भाइरसबाट जोगाउँछ। तीमध्ये पाठेघरको मुखमा हुने क्यान्सर गराउने लगभग सबै भाइरस तथा मलद्वारको क्यान्सर गराउने अधिकांश अनि जननेन्द्रिय तथा टाउको र घाँटीको क्यान्सर गराउने केही भाइरस पर्छन्।

अध्ययनहरूले खोपले एचपीभी सङ्क्रमणबाट कम्तीमा १० वर्ष जोगाउने देखाएका छन्। यद्यपि विज्ञहरू खोपले अझ लामो समय सुरक्षा दिने ठान्छन्।एउटा महत्त्वपूर्ण अध्ययनले एचपीभी खोपले पाठेघरको मुखको क्यान्सरलाई ९०% सम्म घटाइदिन प्रभावकारी भएको उल्लेख गरेको छ।

सन् २००८ मा इङ्ल्यान्डमा किशोरीहरूमा यो खोप लगाउन थालिएपछि के भयो भनेर गरिएको उक्त अध्ययन 'द लान्सिट' जर्नलमा प्रकाशित भएको थियो।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सेवा प्रधान अर्थतन्त्र



• डा. चन्द्रमणि अधिकारी

अर्थ व्यवस्थाको चरित्र र संरचनालाई अर्थतन्त्रमा कुन क्षेत्रको कस्तो भूमिका रहेको छ भन्ने दृष्टिकोणबाट हेरिन्छ । समयको अन्तरालसँगै यस्तो संरचनागत स्वरूपमा तलमाथि हुन जान्छ । विश्व अर्थतन्त्रको विकासको इतिहास पढ्दा प्रारम्भिक चरणमा कृषि तथा पशुपालनको प्रभुत्व रहेको पाइन्छ । त्यसपछि क्रमशः अर्थतन्त्र औद्योगिक चरणमा प्रवेश गर्छ । युरोपका विकसित मानिने संयुक्त अधिराज्य, फ्रान्स र जर्मनीदेखि एसियाका जापान, चीन, दक्षिण कोरिया तथा उत्तर अमेरिकामा पर्ने संयुक्त राज्य अमेरिका र क्यानडासमेत यही चरण पार गरेर अहिलेको अवस्थामा पुगेका हुन् । भारत पनि यही चरणमा छ, भियतनाम, थाइल्यान्ड आदि औद्योगिक अर्थतन्त्रका रूपमा विकसित हुँदै छन् ।

विश्वका ठुला र मध्यम अर्थतन्त्र कृषिबाट उद्योगसँगै सेवा क्षेत्रमा प्रवेश गरेर आए पनि तिनको अर्थतन्त्रको चरित्रमा कतिपय भिन्नता छ । सन् २०२३ को तथ्याङ्क केलाउँदा विश्वको ठुलो अर्थतन्त्र भएको देश संयुक्त राज्य अमेरिकाको कुल गार्हस्थ उत्पादनमा कषि र उद्योग क्षेत्रको योगदान क्रमशः एक प्रतिशत र १९ प्रतिशत छ, बाँकी ८० प्रतिशत अंश सेवा क्षेत्रको छ । यहाँ करिब छ प्रतिशत श्रमशक्ति कृषिमा संलग्न छ, १८ प्रतिशत उद्योग क्षेत्रमा काम गर्छन् र बाँकी सेवा क्षेत्रमा लागेका छन् । दोस्रोमा गनिने चीनको अर्थतन्त्रमा यी अङ्क क्रमशः सात प्रतिशत, ३८ प्रतिशत र ५५ प्रतिशत छन् । यहाँ श्रमशक्तिको संलग्नता कृषि, उद्योग र सेवामा क्रमशः २३, ३२ र ४५ प्रतिशत छ ।

भारतको अर्थतन्त्रमा कृषि र उद्योगको योगदान क्रमशः १८ र २८ प्रतिशत छ, सेवा क्षेत्रले ५४ प्रतिशत ओगटेको छ । यहाँ ४३ प्रतिशत श्रमशक्ति कृषि क्षेत्रमा गुजारा गरिरहेको छ र सेवा क्षेत्रमा काम गर्नेको प्रतिशत ३२ मात्र छ । दक्षिण कोरियाले कृषि, उद्योग र सेवा क्षेत्रका अनुपात क्रमशः दुई प्रतिशत, ४० प्रतिशत र ५८ प्रतिशतमा राखेको छ । यहाँ कृषि, उद्योग र सेवा क्षेत्रमा संलग्न श्रमशक्तिको अनुपात क्रमशः चार, २५ र ७१ प्रतिशत रहेको देखिन्छ । पछिल्लो दशकमा आर्थिक विकासमा उल्लेखनीय प्रगति गर्ने सफल भियतनामको अर्थतन्त्रमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १५, ३३ र ५१ प्रतिशत छ भने ती क्षेत्रमा श्रमशक्तिको संलग्नता २८, ३४ र ३९ प्रतिशत रहेको देखिन्छ ।

माथि उल्लेखित सबै देशको अर्थतन्त्रमा कृषि क्षेत्रले उत्पादनको जति अंश ओगटेको छ श्रम शक्तिको दोब्बर जस्तो भाग यस क्षेत्रमा निर्भर छ । यसले कृषि क्षेत्रमा काम गर्नेहरूमा उत्पादन र आयको समानुपातिक एवं सन्तुलित वितरण हुन नसकेको देखिन्छ । त्यसैले गरिबीको प्रतिशत पनि यसैमा बढी छ भन्ने बुझिन्छ । अमेरिकामा पनि उत्पादनमा कृषि क्षेत्रको योगदानको तुलनामा श्रम शक्तिको संलग्नता वा निर्भरता उच्च छ ।

संरचनागत प्रकृति हेर्दा संयुक्त राज्य अमेरिका र दक्षिण कोरिया दुवै सेवा प्रधान अर्थतन्त्र भएका देश हुन् । उत्पादनमा योगदानको दृष्टिले नेपाललाई पनि अब कृषि प्रधान देश भन्नु उपयुक्त हुन्न । सेवा क्षेत्र श्रम प्रधानभन्दा पनि पुँजी र प्रविधि प्रधान क्षेत्र हो । घरजग्गा, खुद्रा र थोक व्यापार, सूचना प्रविधि, वित्त तथा बिमा सेवा, पेसागत विज्ञता र भोजन एवं आतिथ्य जस्ता विषय यसमा पर्छन् । कम आय र सम्पत्ति हुनेले, घर जग्गाको व्यवसाय त के ठुलो आकारमा वस्तु व्यापार पनि गर्न सक्दैनन् । उनीहरूमा उच्च प्रविधिको विकास गर्न वा उच्च प्रविधिको प्रयोग गर्ने क्षमता कम हुन्छ । गरिब परिवारको सदस्यका लागि प्रशासनिक र पेसागत विज्ञताको क्षेत्रमा पहुँचको सम्भावना न्यून रहन्छ । तसर्थ यस क्षेत्रमा वर्गीय दृष्टिले तल्लो वर्गको पहुँच र नियन्त्रण कम हुने देखिन्छ । यो कुरा कम विकसित देशमा झन् बढी लागु हुन्छ । यद्यपि आतिथ्य र भोजनको विषयमा ग्रामीण क्षेत्रमा केही काम गर्न सम्भव छ । तुलनात्मक रूपमा हेर्दा सेवा प्रधान अर्थतन्त्रको विस्तार तीव्र हुन्छ र सङ्कुचिन पनि तीव्र हुन्छ । यस्तो अर्थतन्मा आर्थिक सङ्कटको जोखिमको लय र स्तर पनि छिटो छिटो आउने सम्भावना हुन्छ । उदाहरण हेर्दा भारतमा सेवा क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ५४ प्रतिशत अंश ओगट्दा यसमा श्रम शक्तिको संलग्नता ३२ प्रतिशत मात्र छ । यसको अर्थ हो, यसमा सीमित वर्गमा अनुपातिक दृष्टिले धेरै आय थुप्रिएको छ । चीन तुलनात्मक दृष्टिले केही सन्तुलित छ, यहाँ सेवा क्षेत्रमा संलग्न जनशक्ति ४५ प्रतिशत छ ।

अर्थतन्त्रका संरचनागत तथ्य केलाउँदा उत्पादनमा योगदान र श्रमको संलग्नताको दृष्टिले उद्योग क्षेत्र तुलनात्मक दृष्टिले बढी सन्तुलित रहेको देखिन्छ । चीनमा गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको उत्पादनमा ३८ प्रतिशत हुँदा यसमा निर्भर श्रमशक्ति ३२ प्रतिशत छ, भारतका यी अनुपात क्रमशः २८ र २६ प्रतिशत रहेका छन् । अर्थतन्त्रका अन्य चरित्रलाई हेर्दा तुलनात्मक दृष्टिले भियतनामको उत्पादन र श्रमशक्तिको अनुपातिक सम्बन्ध अलि बढी सन्तुलित देखिन्छ ।

जहाँसम्म नेपालको कुरा छ, अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत छ भने सेवा क्षेत्रको योगदान ६३ प्रतिशत छ । एक दशकअघि यी अङ्क क्रमशः ३४, १५ र ५१ प्रतिशत थिए । उद्योगको क्षेत्रको योगदान भने दक्षिण एसियामै कम हो । उपलब्ध स्रोत र सम्भाव्यता हेर्दा नेपाल अमेरिकी अर्थतन्त्रमा झैँ सेवा क्षेत्रमा केन्द्रीकृत हुनु राम्रो होइन । नेपालमा अझै पनि ६१ प्रतिशत परिवार कृषि कार्यमा संलग्न छन् र तीमध्ये ७४ प्रतिशतको आयको मुख्य स्रोत कृषि नै हो, ५७ प्रतिशत श्रमशक्ति कृषिमा लागेको छ । कृषि कार्यमा संलग्न परिवारमध्ये ४५ प्रतिशतलाई मात्र आफ्नो उत्पादनले १२ महिना खान पुग्छ । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान उल्लेखनीय रूपमा घट्नु र यस क्षेत्रमा संलग्न परिवार तथा जनशक्तिको संख्या भने खासै नघट्नुले अर्थतन्त्रको संरचनागत अवस्था चुनौती पूर्ण रहेको पुष्टि हुन्छ ।

अर्थतन्त्रको संरचनागत परिवर्तनलाई ठिक दिशामा लैजाने हो भने कृषि क्षेत्रमा उत्पादकत्व अभिवृद्धि गर्न प्रविधिमैत्री लगानी बढाउनु पर्छ । साथै यस क्षेत्रलाई औद्योगिक विकासको आधार बनाउने गरी पूर्वाधार तथा प्रविधिको विकास एवं प्रयोग गर्न सके कम जनशक्तिले धेरै काम गर्न गराउन सकिन्छ, फलस्वरूप उत्पादकत्व वृद्धि हुन्छ, कृषि तथा खनिजमा आधारित उद्योगको विस्तार हुन्छ । अनि हाल कृषि क्षेत्रमा रहेको अतिरिक्त जनशक्ति क्रमशः औद्योगिक क्षेत्रमा सर्छ, गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढ्छ ।

यथार्थमा भन्दा मानिसलाई जिउन चाहिने खाना र दाना, आङ ढाक्न चाहिने नाना र घाम, पानी, हुरी, बतासबाट जोगाउन चाहिने छाना दिने क्षेत्र त कृषि र उद्योग हो । सेवा यी क्षेत्रको विकास र विस्तारका लागि मद्दत गर्ने सहयोगी क्षेत्र हो । कृषिबाट खाने कुरा उत्पादन भएन र उद्योग क्षेत्रले त्यसलाई खान योग्य बनाउनेदेखि अन्य क्षेत्रका लागि चाहिने वस्तु उत्पादन गरेन भने मानव जीवन र आर्थिक समाज कसरी चल्ला र ? अहिले विश्वको अर्थराजनीति बहकिएर सेवा क्षेत्रको विस्तारबाट पैसा कमाउने होडमा कुदेको छ । फलस्वरूप विकसित भनिएका कतिपय देश पनि थरीथरीका मुद्दामा फस्दै गएका छन् । यो यथार्थ बिर्सँदै जाँदा विश्वको ठुलो अर्थतन्त्र भनिने संयुक्त राज्य अमेरिका समेत कतिपय कृषि र औद्योगिक वस्तु बाहिरबाट आयात गरेर ल्याउन बाध्य छ । फलस्वरूप व्यापारघाटा बढेर उसमा चिन्ता र चिडचिडाहट बढेको छ । त्यो चिडचिडाहटले गर्दा अमेरिकी नेतृत्वले विभिन्न देशबाट हुने पैठारीमा शुल्क बढाएर अनावश्यक रूपमा व्यापार युद्ध सुरु गर्दै छ । जसले गर्दा विश्व अर्थव्यवस्थाको स्वाभाविक गति (वर्ल्ड इकोनोमिक अर्डर) मा अवरोध खडा हुँदै छ । अमेरिका स्वयम् पनि आत्मनिर्भर अर्थतन्त्र त रहेन छ, अन्तरनिर्भर रहेछ भन्ने पुष्टि भएको छ ।


यस पृष्ठभूमिमा नेपालको भू-बनोट, प्राकृतिक स्रोतको उपलब्धता र र सम्भाव्यता, सामाजिक संरचना, जनसंख्याको चरित्र र अहिलेको जनचेतनाले नेपालको अर्थतन्त्रलाई अमेरिकी बाटोमा हिँड्ने अनुमति दिँदैन । बरु यसले औद्योगिक क्षेत्रकै विस्तार र स्तर उन्नतिको माग गर्छ । अर्थतन्त्र औद्योगिक विकासको चरणको प्रम्भिक र मध्यविन्दुमा हुँदा उत्पादनमूलक उद्योगको भूमिका बढी रहन्छ । गाउँसहर सम्बन्धको रूप बदलिन्छ । उत्पादनमूलक उद्योगको विकास क्रमले अन्य क्षेत्रलाई क्रमशः औद्योगिक चरणमा तान्छ । अर्थतन्त्र जति विकसित हुँदै गयो त्यसले थप सूचना, यातायातसमेतका थप भौतिक पूर्वाधार, थप प्रविधि र थप व्यवस्थापकीय सिपको माग गर्छ । त्यसले मानिस तथा पुँजीको प्रवाहको गतिलाई बढाई दिन्छ । सूचना आदान प्रदानको काम सेवा क्षेत्रले गर्छ, त्यहाँ सूचना प्रविधिको आवश्यकता पर्छ ।

वित्त र बिमा जस्ता क्षेत्रले अर्थतन्त्रका वित्तीय कारोबारको गति बढाई दिन्छन् । त्यसले औद्योगिक क्षेत्रको विस्तारमा मद्दत पुग्छ । अनि थप यातायात सेवाको मागले यातायात र परिवहनका क्षेत्रमा थप साधनको आवश्यकता पर्छ । जसको उत्पादनले उद्योग बढाउनमा सहयोग पुग्छ । यसरी कृषि र उद्योगसँग जोडिएर विस्तार भएको सेवा क्षेत्रले मात्र अर्थतन्त्रलाई टेवा दिन सक्छ । तसर्थ नेपालले उद्योग क्षेत्रलाई पछि राखेर एकैचोटि सेवा क्षेत्रमा बढी निर्भर रहनु हुँदैन । बरु सेवा क्षेत्रलाई सन्तुलित विन्दुमा राखेर अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने दृष्टिले यसमा नीतिगत तथा कार्यक्रमगत सुधार गर्नु पर्छ । यसो गर्दा अर्थतन्त्र सेवा प्रधानभन्दा उद्योग प्रधान हुन्छ, जुन बढी दरिलो र दिगोसमेत हुन्छ ।

# भूमि ऐनमा सरकारको संकीर्ण सोच



• डा. नागेन्द्र प्रसाद यादव



पहिलेको सरकारले पनि विगत सन् १९५० देखि १९७० को दशकको सरकारको सोच झैं वन सखाप गर्ने नियतले भूमि ऐन संशोधन र भूमि आयोग गठन गरेको छ। भूमि ऐनसँगै राष्ट्रिय निकुञ्ज र वन ऐन संशोधन गर्न अध्यादेशको मस्यौदा पारित गर्न खोजे पनि जनता समाजवादी पार्टी नेपालको अडानले अध्यादेशको सूचीबाट हट्यो तर यो पारित गर्ने सरकारी सोच मरेको छैन।

अहिले सरकारले अव्यवस्थित बसोबास र सुकुम्बासीलाई जग्गाको स्वामित्व उपलब्ध गराउन नापीको बखत अभिलखमा वन, वनक्षेत्र बुट्यान क्षेत्र जनिएको जग्गालाई पुनः नक्सांकन गरी वन क्षेत्रबाट छुट्याएको छ। यसरी नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्ने छैन भनेर संशोधन गर्न लागेको देखिन्छ। यसको अर्थ यी क्षेत्रलाई वनबाट कटाई नक्सा कायम गरी व्यक्ति (भूमिहीन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोबास गर्नेहरू) लाई वितरण गरिने छ।

अहिले पनि त वनक्षेत्र नेपाल सरकारकै नाममा छ तर यसलाई अहिलेको भोगचलनअनुसार पुनः नक्सांकन गरी वन क्षेत्रवाट छुट्याई नेपाल सरकारकै नाममा कायम गर्ने किन ? देशमा करिब ४० प्रतिशत सरकारी क्षेत्रमा वन छ र यो देशको सम्पत्ति हो। तर यसको संरक्षण गर्न वन मन्त्रालय र मातहतका कर्मचारीबाहेक अन्य निकाय तथा संघ संगठनहरू किन तत्पर हुँदैनन् ? के नेपालको वन संरक्षण गर्ने दायित्व वन कर्मचारीको मात्र हो ?

विगतको सरकारी आँकडाअनुसार २०२० सालदेखि २०४० सालसम्ममा मुलुकभरमा ५ लाख ७० हजार हेक्टर वन विनाश भएको छ (वन विकास गुरुयोजना, २०४६)। यी सबै अतिक्रमणकारीले नै कब्जा गरे। २०४५ सालसम्ममा तत्कालीन श्री ५ को सरकारबाट निर्णय भई १ लाख १६ हजार ६ सय ४८ हेक्टर वनक्षेत्र फडानी गरी १ लाख ६ सय ५८ परिवारलाई बसोबास गराइएको थियो। पुनर्बास कम्पनीको नाममा सन् १९८५ सम्ममा ३ लाख ५६ हजार चार सय बिघा तराईको वन फाँडेर ८३ हजार परिवारलाई बसाइँसराइ गराइयो। यो कार्य केवल राज्यसत्ता टिकाउन राजनीतिक सोचले गरियो जहाँ समर्थकहरूलाई स्थान दिइयो (अधिकारी जे. र अन्य, २००६०)। जसमा प्रतिपरिवार करिब २ देखि ६ बिघासम्म वन क्षेत्र वितरण गरिएको थियो।

यसबाहेक अवैध रूपमा सुकुम्बासीको नाममा अतिक्रमणकारीलाई पटकपटक वनक्षेत्र वितरण गरी व्यवस्थित गर्ने सरकारी प्रयास भए। तापनि अहिलेसम्म सुकुम्बासीको उन्मूलन हुन सकेन। यी सुकुम्बासीहरू कहाँबाट आए ? तराई मधेसका जिल्लाहरूमा हाल वनवाट टाढा डगर र बाटाहरूमा बसिरहेका आदिवासी सुकुम्बासीहरूको खोजी पनि भएन र उनीहरूको समस्याबारे कुरा पनि उठेको छैन। जुन देशमा वनको सिमाना प्रस्ट रूपमा छुट्टिएकै छैन, त्यस ठाउँमा जनता कसरी सुकुम्बासी हुन्छन्।

सरकारले सुकुम्बासीलाई कसरी परिभाषित गरेको छ ? सुकुम्बासी व्यक्ति कि परिवार ? के यसबारे अध्ययन गरी तथ्यांक आएको छ ? आएको छ भने देशभरमा कति सुकुम्बासी छन् ? र अब पुनः सुकुम्बासी नजन्मिन दिन विकल्पहरू के के हुन सक्छन् र कति जग्गा दिने ? कि जसले जति ओगटे पनि सबै दिने ? जंगल नफाँड्नेलाई के दिने ? जसबाट सधैंका लागि वन जोगिन्छ। वन विभागको तथ्यांकअनुसार नेपालमा करिब १ लाख ८ हजार हेक्टर वन अतिक्रमण भएको छ। जसमध्ये तराई र भित्री मधेसका विभिन्न २५ जिल्लामा ९० हजार ६ सय २९ हेक्टर र राष्ट्रिय निकुञ्जहरूमा करिब ३९ हजार हेक्टर वन अतिक्रमण भएको छ। तर यो तथ्यांक सही होइन किनभने १० वर्षदेखि एउटै तथ्यांक दोहरिइरहेको छ। यी अतिक्रमित वन क्षेत्रको लगत कट्टा गरी अतिक्रमण गर्नेलाई नै वितरण गऱ्यो भने यसको सन्देश जनमानसमा के जान्छ ?

भूमि ऐन संशोधन र अहिलेको अध्यादेशबारे वन पेशाकर्मी संघ संगठनबाट विरोधसहित संयुक्त विज्ञप्ति निकै अगाडि सम्बन्धित निकायमा दिइसकेको छ र सार्वजनिक पनि भइसकेको छ। खास गरेर तराई र भित्री मधेसका विभिन्न जिल्लाको करिब १ लाख ४७ हजार हेक्टर अतिक्रमित वन क्षेत्रको भू-उपयोग परिवर्तन भयो भने यसबाट वातावरणीय तथा जलवायु परिवर्तनमा के असर पर्छ ?

विभिन्न महोत्सवमा १० जना मिलेर एउटा बिरुवा रोपेर पर्यावरण र जलवायु परिवर्तन नियन्त्रणको कुरा सञ्चारमाध्यममा छ्यापछ्यापती देख्न पाइन्छ। तर यति वन विनाश र वनको भूउपयोग नै परिवर्तनबारे सरकारलाई जनप्रतिनिधिले सघाए वा मौन रहेबाट के वन क्षेत्रको संरक्षण गर्न सकिन्छ ? यो भनेको वनको राजनीति हो, वनलाई व्यवस्थापन नगर्ने।

यो अध्यादेश भोलि बहुमतको सरकार वा मतियारहरूको सहयोगबाट पारित भएपछि चुरे, तराई मधेसको हकमा हितकर तथा उपयुक्त हुँदैन। यसबाट तराई-मधेसको वन पनि घट्नेछ अनि मधेसका वास्तविक सुकुम्बासीहरूले जग्गा पनि पाउँदैनन्। अनि पछि सहमति दिने दलको राजनीतिमा पनि दूरगामी असर पर्ने देखिन्छ। त्यसो भएकाले मधेस केन्द्रित दलहरूले गहिरिएर सोची कदम चाल्नुपर्ने हो कि ?

# दिल्लीमा भाजपालाई दुईतिहाइ

झापा । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दल भाजपाले दिल्ली विधानसभा चुनावमा दुईतिहाइ सिट जितेको छ । ७० सदस्यीय विधानसभामा भाजपाले ४८ सिट जितेको हो । यो जितसँगै भाजपाले २७ वर्षपछि दिल्लीमा सरकार बनाउने भएको छ ।

दिल्लीको सत्तारूढ आम आदमी (आप) २२ सिटमा खुम्चिएको छ । भ्रष्टाचारको सफाइ गर्ने भन्दै चुनाव चिह्न झाडु लिएको आपले सन् २०१३ मा २८ सिट, २०१५ मा ६७ सिट र २०२० मा ६२ सिट जितेको थियो । २०१५ मा जम्मा ३ सिट र २०२० मा ८ सिट मात्र जितेको भाजपाले यसपटक दुईतिहाइ सुरक्षित गरेको छ ।

तीन पटक दिल्लीका मुख्यमन्त्री बनेका अरविन्द केजरीवाल भाजपाका प्रवेश बर्मासँग ४ हजार ८९ मतान्तरले पराजित भएका छन् । पूर्वउपमुख्यमन्त्री मनीष सिसोदिया पनि पराजित भएका छन् । जंगपुरा निर्वाचन क्षेत्रमा उनी भाजपा उम्मेदवार तरविन्दर सिंह मारवाहसँग पराजित भएका हुन् । वर्तमान मुख्यमन्त्री आतिशी भने विजयी भएकी छन् । उनले भाजपाका रमेश बिधुडीलाई ३ हजार ५ सय मतले पराजित गरेकी हुन् ।भाजपाको यो जितलाई लिएर प्रधानमन्त्री मोदीले 'विकास र सुशासनको विजय' भएको बताएका छन् । 'म दिल्लीका प्यारा दिदीबहिनी र दाजुभाइलाई यस शानदार र ऐतिहासिक जनादेशका लागि नमन गर्दछु,' एक्समा मोदीले लेखेका छन् । दिल्लीको विकासमा भाजपाले कसर बाँकी नराख्ने उनको भनाइ छ ।केन्द्रमा प्रमुख प्रतिपक्षी दल रहेको भारतीय नेशनल कंग्रेसले भने कुनै पनि सिट जित्न सकेन । यसप्रति कटाक्ष गर्दै मोदीले देशको सबैभन्दा पुरानो राजनीतिक दलको राजधानीमा नै बिजोग भएको बताएका छन् । 'भारतको राजधानीमा देशको सबैभन्दा पुरानो दलले लगातार ६ पटक आफ्नो खाता खोल्न सकेको छैन,' भाजपा मुख्यालयमा कार्यकर्तालाई सम्बोधन गर्दै मोदीले भने ।

उनले केजरीवाल मुछिएको मदिरा प्रकरणबारे छानबिन हुने पनि बताएका छन् । 'राजनीति बदल्छु भन्दै राजनीतिमा प्रवेश गरेका आपका नेताहरू नै भ्रष्टाचारमा डुबे, उनीहरूको घोषणा गलत सावित भएको छ । भ्रष्टाचारविरुद्ध लड्न जन्मेको पार्टी आज त्यसैमा डुबेको छ, यस पार्टीका मुख्यमन्त्री आज भ्रष्टाचार आरोपमा जेल परेका छन्,' मोदीले भने ।सन् १९९८ देखि २०१३ सम्म दिल्लीमा लगातार सरकार चलाएको कंग्रेस भ्रष्टाचारको आरोपपछि दिल्लीबाट पाखा लागेको थियो । त्यससँगै दिल्लीका जनताले आपलाई सरकारमा पुऱ्याएका थिए । तर १० वर्षपछि जनताले आपलाई पाखा लगाएर भाजपालाई रुचाएको चुनावी परिणामले देखाएको छ ।

देशको राजधानी भएका कारण पनि दिल्ली राज्यसभा निर्वाचनलाई भाजपा र आपले प्रतिष्ठाको विषय बनाएका थिए । सत्तारूढ दललाई पाखा लगाउँदै सन् १९९८ यता राजधानीको सत्ताबाहिर रहेको भाजपाले परिणाम आफ्नो पक्षमा निकालेको हो ।

यसअघि महाराष्ट्र र छत्तिसगढलगायतका राज्यका विधानसभा चुनावमा सोचेअनुसार सफलता हासिल गरेपछि भाजपाले सम्पूर्ण शक्ति दिल्ली चुनावमा लगाएको थियो । प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहलगायतका केन्द्रीय नेता बारम्बार दिल्लीका चुनावी सभामा देखिएका थिए । पछिल्लो समय दिल्लीको चुनावी प्रतिस्पर्धा तीव्र बनेसँगै आपले भाजपामाथि मतदाता सूचीमा गडबडी गरेको, आचारसंहिता लागू हुँदा विभिन्न सामग्री वितरण गरेको लगायतका आरोप लगाएको थियो ।

आप प्रमुख केजरीवालले चुनावी हार स्वीकार गर्दै भाजपालाई बधाई दिएका छन् । 'जनताको फैसलालाई हामी पूर्णरूपमा विनम्रताका साथ स्वीकार गर्छौं,' सामाजिक सञ्जालमा केजरीवालले भनेका छन् ।

राजधानी दिल्लीमा सार्वजनिक सुव्यवस्था, प्रहरी र भूमि व्यवस्थापनजस्ता विषयमा केन्द्र सरकारले नियुक्त गरेका लेफ्टिनेन्ट गभर्नरसँग निर्णयको अधिकार छ । शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवाबारे निर्णय लिने अधिकार भने राज्यसँग छ । केन्द्र र राज्य सरकार फरक-फरक दलका हुँदा अधिकार प्रयोगमा बारम्बार विवाद हुने गरेको छ । यसैकारण दिल्लीका चुनावी नारा राजनीतिकभन्दा बढी कल्याणकारी मुद्दामा केन्द्रित देखिने गरेका छन् । यसपटकको चुनावमा पनि भाजपा र आप दुवै दलले निःशुल्क स्वास्थ्य सेवा, सरकारी विद्यालयको शिक्षामा सुधार, महिलाका लागि भत्तालगायत मुद्दालाई जोडतोडका साथ उठाएका थिए ।

मोदी नेतृत्वको भाजपा सरकारले गत साता मात्र ल्याएको बजेटका केही प्रावधान दिल्लीको चुनावलाई लक्षित देखिन्थ्यो । भाजपाले मध्यम आय भएकालाई कर छुट दिने चुनावकेन्द्रित बजेट ल्याएको थियो । दिल्लीमा मध्यम आय भएकाको जनसंख्या उच्च रहेकाले दिल्ली विधानसभा चुनावमा आफूलाई फाइदा पुग्ने भाजपाको आकलन थियो ।

केजरीवाल २०१३ मा पूर्वमुख्यमन्त्री शिला दीक्षितलाई हराएर चर्चामा आएका थिए । २०१५ मा केजरीवाल ६४.१४ प्रतिशत मतसहित विजयी भएका थिए । २०२० मा भने उनले ६१.१ प्रतिशत मत पाएका थिए । २०१३ को चुनावमा दिल्लीका जनताले केजरीवालले अघि सारेका कल्याणकारी मुद्दालाई समर्थन गरेसँगै दिल्लीको राजनीतिमा आप उदाएको थियो ।

२०२० को दिल्ली विधानसभा चुनावमा आप ६२ सिटमा विजयी भएको थियो । भाजपाले ८ सिट जितेको थियो । २०१५ को चुनावमा भने आपले ७० सिट जितेको थियो । भाजपा ३ सिटमा सीमित भएको थियो । पछिल्लो समय भने केजरीवालसहित उनको दलका वरिष्ठ नेतामाथि भ्रष्टाचारको आरोप छ । भारतमा गत वर्ष भएको लोकसभा चुनावअघि केजरीवाल जेल परेका थिए ।

उनलाई दिल्लीको मदिरा नीतिमा अनियमितता भएको मामिलामा प्रवर्तन निर्देशनालय (ईडी) ले गत मार्च २१ मा पक्राउ गरेको थियो । पक्राउपछि विपक्षी दलले विरोधीलाई निसाना बनाउन मोदी सरकारले एजेन्सीको दुरुपयोग गरेको भन्दै आलोचना गरेका थिए ।

केजरीवाल गत सेप्टेम्बर १३ मा धरौटीमा रिहा भएका थिए । तर मुख्य न्यायालयले उनलाई मुख्यमन्त्री कार्यालयमा फर्कन र निर्णय गर्न रोक लगाएको थियो । रिहा भएको चार दिनपछि उनले मुख्यमन्त्री पदबाट राजीनामा दिएका थिए ।

केजरीवालले २०१३ मा कंग्रेसकै समर्थनमा सरकार बनाएका थिए । पछि उनी कंग्रेसविरुद्ध भ्रष्टाचारलगायतका विषय उठाउँदै राजनीतिबाट उदाए । २०२४ को लोकसभा चुनामा उनी पुनः कंग्रेस नेतृत्वको 'इन्डिया' गठबन्धनमै सहभागी भए । गठबन्धनमा सकारात्मक परिणाम नआएपछि दिल्ली विधानसभा चुनावमा भने एक्लै मैदानमा उभिए । कंग्रेससँग गठबन्धन नभएकै कारण आप सत्ताबाट बाहिरिनुपरेको छ ।

प्रवेश बर्मा जसले केजरीवाललाई हराए

४७ वर्षीय प्रवेश बर्मा पूर्वमुख्यमन्त्री तथा भाजपाका पूर्वउपाध्यक्ष साहिब सिंह बर्माका छोरा हुन् । आप प्रमुखलाई पराजित गरेसँगै उनको नाम पनि मुख्यमन्त्रीका रूपमा चर्चामा आएको छ । 'यसबारे दलले निर्णय गर्छ, मलाई मुख्यमन्त्री बनाउने हो भने म उनीहरूको माग पूरा गर्छु,' गत जनवरीमा चुनावी अभियानका क्रममा 'द इन्डियन एक्सप्रेस' सँग कुरा गर्दै प्रवेशले आफ्नो सम्भावनाबारे भनेका थिए ।चुनावी प्रचारमा समर्थकले उनलाई मुख्यमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेका थिए । 'दिल्लीका सीएम कैसा हो, प्रवेश बर्मा जैसा हो' नारा निकै चर्चित बनेको थियो । बर्माले भने 'केजरीवाललाई हटाऔं, राष्ट्रलाई बचाऔं' नारा अघि सारेका थिए ।

चुनावी अभियानमा उनले साबरमतीको जस्तै यमुना नदीमा रिभरफ्रन्ट बनाउने, झुपडीमा बस्नेलाई घर दिने, पूर्वाधार निर्माण गर्ने, ५० हजारलाई सरकारी जागिर, फ्लाइओभर र प्रदूषणमुक्त राष्ट्रिय राजधानी बनाउने लगायतका वाचा गरेका छन् ।

महरौलीबाट २०१३ मा दिल्ली विधानसभामा निर्वाचित बर्मा २०१४ देखि दुई कार्यकाल लोकसभाका सदस्य बने । तीन दशकदेखि भाजपामा सक्रिय बर्माले गत जनवरी मध्यमा आफ्नो चुनावी अभियान थालेका थिए । त्यसअघि उनले नयाँदिल्लीका झुपडी (झुग्गी झुपडी) मा बस्ने स्थानीयका आवश्यकता पत्ता लगाउन विभिन्न स्थानमा पुगेका थिए । 'झुग्गी झुपडी (जेजे) का धेरै मानिसले निःशुल्क पानी र बिजुली पाएका छैनन्, म यो खुलेर भन्न चाहन्छु, जो सफा पानी र निःशुल्क बिजुली पाइरहेको हुनुहुन्छ, उहाँहरूले कृपया केजरीवाललाई भोट दिनुहोस्, नपाउनेले भाजपालाई भोट गर्नहोस्,' चुनावी सभामा उनले बारम्बार दोहोऱ्याउने गरेका थिए । भारतको दिल्लीमा करिब तीन लाख जेजे परिवार छन् । तीमध्ये ठूलो संख्या नयाँदिल्ली विधानसभा क्षेत्रमा छन् ।

गत डिसेम्बरमा आपले बर्मामाथि 'भोट किन्न प्रत्येक महिलालाई ११ सय रुपैयाँ दिएको' आरोप लगाएको थियो । त्यसको जवाफमा बर्माले आफ्ना बुबाको संस्थामार्फत उनीहरूलाई मद्दत गरिरहेको बताएका थिए । आफ्नो चुनावी अभियानका क्रममा बर्माले मुख्यमन्त्रीको सरकारी निवासको मुद्दा पनि उठाएका थिए । विपक्षीले 'शिशमहल' भन्ने मुख्यमन्त्री निवासको मोडल उनले आफ्नो निवासबाहिर पनि राखेका थिए । 'केजरीवालले गएको ११ वर्षमा दिल्लीका लागि केही गरेनन्, तपाईंहरू सबै कोभिडबाट मर्दै गर्दा केजरीवाल आफ्ना लागि शिशमहल बनाउन व्यस्त थिए,' बर्माले चुनावी सभामा भन्ने गरेका थिए ।

# शिवसताक्षीमा रेडक्रसको प्रथम नगर सम्मेलन सम्पन्न

झिलझिले(प्रस)। आगामी दिनमा मानवीय सेवाका क्षेत्रमा अझ सशक्त र तल्लीन रहने प्रतिबद्धता जनाउँदै नेपाल रेडक्रस सोसाइटी शिवसताक्षी उपशाखाले नगरको जुनियर तथा युवा रेडक्रसकर्मीको प्रथम नगर सम्मेलन सम्पन्न गरेको छ ।

समाजमा हुने प्राकृतिक, सामाजिक र मानवीय सेवाका विविध गतिविधिलाई अझ प्रभावकारी सञ्चालन गर्ने उद्धेश्यले सम्मेलनको आयोजना गरिएको नेपाल रेडक्रस सोसाइटी उपशाखा शिवसताक्षीका सभापति गोविन्द काफ्लेले बताए ।

सम्मेलनमा शिवसताक्षीका सामुदायिक र संस्थागत गरि २३ विद्यालयका विद्यार्थी र शिक्षक नायकको सहभागिता थियो ।

सम्मेलनमा नेपाल रेडक्रस सोसाइटी उपशाखा शिवसताक्षीका पदाधिकारी र सदस्यको पनि सहभागिता थियो ।

बालबालिकाहरुलाई सानै उमेरदेखि मानवीय क्षेत्रमा लाग्न प्रेरित गर्ने र उनीहरुभित्र रहेको सकारात्मक भावनाको विकास गरी नगरका प्रत्येक विद्यालयमा जुनियर/युवा रेडक्रस सर्कल गठन गर्ने सम्मेलनको मुख्य लक्ष्य रहेको छ ।

सम्मेलन पूर्व नगरका १० विद्यालयमा जुनियर रेडक्रस सर्कल गठन भएको छ । समेलनले हरेक वर्ष रेडक्रस युवा सर्कललाई स्वयंसेवा दूत घोषणा गरी देशभरिका अन्य जुनियर सर्कललाई मानवीय सेवाका विषयमा बहस तथा पैरवी गर्न क्षमता अभिवृद्धि सञ्चालन गर्ने सभापति काफ्लेले बताए ।

जलवायु परिवर्तन, खानेपानी तथा सरसफाइ, अन्तर्राष्ट्रिय मानवीय कानूनमा युवाको भूमिका, विपद् व्यवस्थापन, भूकम्पीय सुरक्षा, आगलागी नियन्त्रणका विषयमा विगतका अनुभव आगामी दिनमा गर्नुपर्ने कामका बारेमा व्यावहारिक कक्षासमेत सञ्चालन भएको सभापति काफ्लेले जानकारी दिएका छन् ।

प्रमुख अतिथि रहेका शिवसताक्षी नगरपालिकाका नगर प्रमुख मेघाहाङ थोप्राले सम्मेलनको उद्घाटन गर्दै मानवीय सेवाका क्षेत्रमा युवा स्वसंसेवीको निःस्वार्थ सेवाले शिवसताक्षी रेडक्रस सोसाइटीको गरिमा उँचो भएको बताए ।

थोप्राले भने,' गोविन्द सरको हातमा रेडक्रसको जिम्मेवारी आएपछि धेरै मानवीय सेवाका कामहरु शिवसताक्षीमा भएका छन् । यो गरिमालाई बचाई राख्नुहोस् । खुम्चन नदिनुहोस् । नगरपालिकाले नेपाल रेडक्रस सोसाइटीलाई हरतरहको सहयोगको योजना बनाएको छ ।' नगर प्रमुख थोप्राले विपत सम्बन्धीका सवै तथ्याङ्क नगरसंग भन्दा पनि रेडक्रससंग रहने गरेको बताए ।

कार्यक्रममा गोलोक गोवर्द्धन गौशालाका अध्यक्ष नन्दकिशोर भारद्वाज, नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकाल, नगर उपप्रमुख नरमाया कार्की, नेपाली कांग्रेसका नगर सभापति अशोक बस्नेत, एमालेका नेता डिल्लीरमण खतिवडा, पर्शुराम ढुंगानालगायतले सम्मेलनको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

शिवसताक्षी नेपाल रेडक्रस सोसाइटीका ३ सय ९६ आजीवन सदस्य छन् । सम्मेलनपछि भानु माध्यमिक विद्यालय पाराबारीका शिक्षक गणेश चौलागाईंको अध्यक्षतामा नेपाल रेडक्रस सोसाइटी युवा उपसमिति गठन भएको छ ।

यो समिति ११ सदस्यीय रहेको नेपाल रेडक्रस सोसाइटी शिवसताक्षी उपशाखाले जनाएको छ । सम्मेलनमा नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले रेडक्रस अभिमुखीकरण, उपमन्त्री प्रकाशचन्द्र खरेलले युवा रेडक्रस सर्कल संचालन विधि, कोषाध्यक्ष ओमप्रकाश गौतमले प्राथमिक उपचार 'डेमो' र उपशाखा सभापति गोविन्द काफ्लेले शिक्षक नायकले खेल्नुपर्ने भूमिकाका बारेमा प्रशिक्षण प्रदान गरेका थिए ।

कार्यक्रमको सहजीकरण सचिव बद्री खनाल र स्वागत उपसभापति निर्मला गिरीले गरेका थिए । सम्मेलनमा राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयका विद्यार्थीले सचेतनामुलक स्वागत नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा गोलोक गोवर्द्धन गौशाला, विनोद सापकोटा, इश्वरी दवाडी, खड्गवहादुर कार्की र छविलाल दवाडीलाई प्रशंसापत्र प्रदान गरिएको थियो । यसैवीच सताक्षी गुरुकुलमका विद्यार्थीका लागि 'फ्रस्टएड किट बक्स' प्रदान गरिएको थियो ।

सम्मेलनको प्रभाव सम्पन्न भएको दुई दिनपछि नै देखापरेको छ । भानु मावि लालझोडा र भानु मावि पाराबारीले विद्यालयमा युवा रेडक्रस सर्कल गठन गरेका छन् । रेडक्रस उपशाखा शिवसताक्षीका अनुसार अन्य विद्यालयले पनि गठन प्रकृयाका लागि उपशाखासंग सम्पर्क गरिरहेका छन् ।

# प्लानिङ ब्वाइज नव ज्योति कपको फाइनलमा

बिर्तामोड(प्रस) । बि डिभिजन क्लब प्लानिङ ब्वाइज काठमाडौं झापाको बुद्धशान्तिस्थित जयपुरमा जारी आठौँ संस्करणको नव ज्योति च्यालेन्ज कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

शनिवार भएको अन्तिम सेमिफाइनल खेलमा आयोजक नव ज्योति युथ क्लबलाई १-० गोल अन्तरले हराउँदै प्लानिङ ब्वाइज उपाधिनजिक पुगेको हो ।उपाधिका लागि प्लानिङ ब्वाइजले सुनसरीको न्यु स्टार एफसीसँग प्रतिस्पर्धा गर्नेछ ।प्लानिङ ब्वाइजका प्रताप राईले खेलको ५८ औं मिनेटमा गरेको एक गोल नै जितका लागि काफी भयो ।

खेलको प्लेयर अफ द म्याच गोलकर्ता प्रताप राई भए । उनले नगद ७ हजार र ट्रफी पाए ।प्रतियोगिताअन्तर्गत फाइनल खेल माघ २८ गते हुने क्लबका उपाध्यक्ष भरत खतिवडाले जानकारी दिए ।

क्लबका अध्यक्ष गोपाल पोखरेलका अनुसार प्रतियोगिताको विजेताले नगद दुई लाख २५ हजार र उपविजेता टिमले नगद एक लाख २५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । त्यस्तै, प्रतियोगिताको उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले नगद १० हजार तथा सर्वोत्कृष्ट खेलाडीले नगद १५ हजार रुपैयाँ पाउने छन् ।

# बराइलीले गायिका चौहानलाई ठगी गरेको आरोप

झापा(प्रस)। मोरङका दिपक बराइलीले गायिका एलिना चौहानलगायत धेरैलाई ठगी गरेको तथ्य खुलेको छ ।

मोरङ घर भएका र हाल युएईमा रहेका दिपक बराइलीले आफूलगायत धेरैलाई ठगी गरेको आरोप गायिका एलिना चौहानको रहेको छ ।

दिपकले एउटा कार्यक्रममा एलिनालाई बोलाएर आफ्नो पारिश्रमिक नदिएको ,उल्टै धाक, धम्की र टचर दिने गरेको भन्दै एलिनाले आफ्नो पेजमा भिडियोमार्फत गुनासो गरेकी छन् ।

दिपकले एलिनालगायत धेरैलाई युरोप पठाइदिने भन्दै लाखौ रकम असुलेको यस भिडियोमा स्वयम् पीडितहरुले जानकारी दिएका छन् ।

- प्रकाशचन्द्र दाहाल

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ ।

**वृष** धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

**मिथुन** मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कर्कट** आज पहेँलो रङ्गको पहिर गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ ।

**सिंह** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**कन्या** कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**तुला** न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**वृश्चिक** आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ

**कुम्भ** आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिन** अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।